# CHHIMEK LAGHUBITTA BITTIYA SANSTHA LTD.

Central Office, Kathmandu, Nepal
Phone/Fax No : 4490513, 4465785
E-mail: cbbhtd@ntc.net.np

## Unaudited Financial Results (Quarterly)

As at end of Third Quarter (30/12/2074) of the Fiscal Year 2074/2075 (2017/2018)

*Rs. in '000'*

| S. No. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| 1 | **Total Capital & Liabilities (1.1 to 1.7)** | **18,407,378** | **16,630,773** | **15,236,203** |
| 1.1 | Paid-up Capital | 1,000,000 | 1,000,000 | 834,071 |
| 1.2 | Reserves and Surplus | 873,296 | 731,049 | 822,016 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | 3,906,116 | 3,359,048 | 4,000,707 |
| 1.5 | Deposits (a+b) | 10,948,794 | 10,125,857 | 8,143,602 |
| 1.6 | Income Tax Liabilities | - | - | - |
| 1.7 | Other Liabilities | 1,679,172 | 1,414,818 | 1,435,807 |
| 2 | **Total Assets (2.1 to 2.7)** | **18,407,378** | **16,630,773** | **15,236,203** |
| 2.1 | Cash & Bank Balance | 1,429,411 | 2,087,748 | 2,484,264 |
| 2.2 | Money at call and short Notice | - | - | - |
| 2.3 | Investments | 358,200 | 358,200 | 9,438 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | 16,130,068 | 13,767,659 | 12,184,631 |
| | a. Real Estate Loan | - | - | - |
| | 1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs 10 million) | - | - | - |
| | 2. Business Complex & Residential Apartment Construction Loan | - | - | - |
| | 3. Income generating Commercial Complex Loan | - | - | - |
| | 4. Other Real Estate Loan (Including Land Purchase & Plotting) | - | - | - |
| | b. Personal Home Loan of Rs. 10 million or less | - | - | - |
| | c. Margin Type Loan | - | - | - |
| | d. Term Loan | - | - | - |
| | e. Overdraft Loan / TR Loan / WC Loan | - | - | - |
| | f. Others | 16,130,068 | 13,767,659 | 12,184,631 |
| 2.5 | Fixed Assets | 174,555 | 171,601 | 164,183 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 315,144 | 245,565 | 393,687 |
| 3 | Profit and Loss Account | Up to This Quarter | Up to Previous Quarter | Up to Corresponding Previous Year Quarter |
| 3.1 | Interest income | 1,842,950 | 1,196,604 | 1,641,679 |
| 3.2 | Interest Expense | 933,795 | 611,422 | 704,448 |
| | **A Net Interest Income (3.1-3.2)** | **909,155** | **585,182** | **937,231** |
| 3.3 | Fees Commission and Discount | 173,569 | 99,878 | 131,895 |
| 3.4 | Other Operating Income | 16,534 | 16,430 | 735 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| | **B Total Operating Income (A+3.3+3.4+3.5)** | **1,099,258** | **701,490** | **1,069,860** |
| 3.6 | Staff Expenses | 416,912 | 293,078 | 280,467 |
| 3.7 | Other Operating Expenses | 74,799 | 50,005 | 65,779 |
| | **C Operating profit Before Provision (B-3.6-3.7)** | **607,547** | **358,407** | **723,614** |
| 3.8 | Provision for Possible Loss | 48,809 | 20,929 | 32,348 |
| | **D Operating profit (C-3.8)** | **558,738** | **337,478** | **691,267** |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | - | - |
| 3.10 | Write Back of Provision for Possible Loss | 8,378 | 6,108 | 6,040 |
| | **E Profit From Regular Activities (D+3.9+3.10)** | **567,116** | **343,586** | **697,307** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| | **F Profit Before Bonus and Taxes (E+3.11)** | **567,116** | **343,586** | **697,307** |
| 3.12 | Provision For Staff Bonus | 51,556 | 31,235 | 63,392 |
| 3.13 | Provision For Tax | 157,370 | 96,408 | 190,175 |
| | **G Net Profit/Loss (F-3.12 -3.13)** | **358,190** | **215,943** | **443,741** |
| 4 | Ratios | At the End of This Quarter | At the End of Previous Quarter | At the End of Corresponding Previous Year Quarter |
| 4.1 | Capital Fund to RWA | 11.88% | 12.85% | 13.60% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 0.10% | 0.10% | 0.08% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 315.34% | 153.34% | 327.36% |
| 4.4 | Cost of Funds | 8.94% | 9.23% | 8.22% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 129.41% | 118.27% | 129.84% |

*Note : If the statutory audit and supervisory authority notify any remarks to change the un-audited financial statement could change accordingly*

### INTEREST RATE

| Deposit | 5.00 % - 14.30% | Loan and Advance | 10.00% - 18.00% |
|---|---|---|---|

**धितोपत्रदर्ता तथा निष्काशन नियमावली,२०७३ को अनुसुची–१४**
**(नियम २६ को उपनियम (१) संग सम्बन्धित)**

## आ.व. २०७४/७५ को तेश्रो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण :**

**क. त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण** :यस बैंकको तेश्रो त्रैमासिक नाफा-नोक्सान तथा २०७४ चैत्र मसान्तसम्मको वासलात सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

**ख. प्रमुख वित्तीय अनुपातहरु :**

| | | | | |
|---|---|---|---|---|
| प्रति शेयर आम्दानी | : ४७.७६ | मूल्य आम्दानी अनुपात | : १८.८४% | प्रति शेयर नेटवर्थ : १८७.३३ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य | : १८४०.७४ | तरलता अनुपात | : ९.६२% | |

**२. व्यवस्थापकिय बिश्लेषण :**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :**
यस त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको मौज्दात, आम्दानी र तरलतामा व्यवस्थापनले अनुमान गरे अनुरुप नै बृद्धि भएको छ । हालसम्म यस वित्तीय संस्थाको वित्तीय स्थिती ब्यवस्थापनको योजना अनुरुप नै रहेको छ । यसको प्रमुख कारण सदस्य तथा कारोवारमा भएको बृद्धिका कारणले प्राप्त भएको ब्याज आम्दानी एवं ग्राहकहरुलाई गुणस्तरीय सेवा प्रदान गरेका कारण खराव कर्जा अत्यन्तै न्युन हुनु आदि रहेको छ ।

ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण** : :यस वित्तीय संस्थाले ६२ वटा जिल्लामा १२६ वटा शाखा कार्यालयहरु मार्फत सेवा प्रदान गर्दै आईरहेको छ । नयाँ क्षेत्रमा कार्यक्रम विस्तार गर्दा लघुवित्त सेवाको पहुँच नपुगेका जिल्लाहरुलाई प्राथमिकतामा राखिएकोछ । यसै त्रैमासको अन्त्य सम्ममा वित्तीय संस्थाले कुल सदस्य संख्या ३,४६,६६० लगानीमा रहेको कुल ऋणतर्फ रु.१६,१३०,०६८,३४१ र कुल बचत तथा निक्षेप तर्फ रु.१०,९४८,७९४,४१२ पुऱ्याउन सफल भएको छ । लघुवित्तमा कर्जा तथा निक्षेपको अनुपात बढि हुँदा वित्तीय संस्था एवं सदस्य दुबैको भविष्य सुनिश्चित हुने भएकोले यस वित्तीय संस्थाले विगत देखि नै बचत तथा निक्षेप संकलनमा जोड दिँदै आएको छ । वित्तीय संस्थाले ग्राहक सदस्यहरुको दिगोपनालाई ध्यानमा राखि उनिहरुलाई लघु उद्यमी बनाउने उद्धेश्यका साथ सम्बन्धित विशेषज्ञहरुबाट लघुउद्यमशिलता तालिमहरु प्रदान गर्दै आईरहेको छ । साथै, संस्थाको लघुवित्त कार्यक्रमलाई प्रभावकारी बनाउन, दक्ष एवं कार्यकुशलतामा अभिबृद्धि गर्न, उत्पादकत्व बढाउन, सुक्ष्म अनुगमन प्रणालीलाई प्रभावकारी बनाउन आफ्ना कर्मचारीहरुलाई तालिम तथा गोष्ठि जस्ता कार्यक्रमहरु पर्याप्तमात्रमा प्रदान गर्दै आएको छ ।

(ग) **विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण** : विगतको अनुभवबाट सदस्यहरुले वित्तीय संस्थाप्रति देखाएको विश्वास एवं वित्तीय संस्थाले लागु गरेका सेवामुखी सुविधाहरु लिन सदस्यहरुमा देखिएको उत्साहले गर्दा व्यवशाय बृद्धि गर्न वित्तीय संस्था सफल भएको छ, । यसले गर्दा आगामी अवधिमा वित्तीय संस्थाको आम्दानीमा बृद्धि हुनेमा व्यवस्थापन विश्वस्त छ । विगतको अनुभव तथा वर्तमान परिस्थितिलाई मध्यनजर गर्दा लघुवित्त संस्थाहरुमा देखिएको अस्वस्थ्य प्रतिस्पर्धाले कर्जाको दोहोरोपना आदि कारणले वित्तीय संस्थालाई असर पर्न सक्छ, । तथापी वित्तीय संस्थाले तय गरेको कुशल कार्य नीति तथा ब्यवस्थापन, ग्राहक संरक्षण नीति तथा कोषको ब्यवस्था, वित्तीय संस्थाको निक्षेप मौज्दात, आम्दानी तथा तरलता सन्तोषजनक रहेको छ । वित्तीय संस्थाले भविष्यमा पनि तात्विक रुपमा नकारात्मक असर पार्न सक्ने घटना वा अवस्था आउन नदिन आवश्यक नीति, नियमको तर्जुमा गरी अघि बढ्ने नीति लिएको छ ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण :**

(क) यस अवधिमा वित्तीय संस्थाले कसैका उपर मुद्धा दायर गरेको छैन र संस्थाको विरुद्धमा कसैबाट मुद्दा दायर भएको सुचना प्राप्त भएको छैन ।

(ख) यस वित्तीय संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

(ग) कुनै संस्थापकवा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दादायर गरेको वा भएको कुनै जानकारी प्राप्तभएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

(क) शेयर कारोवार धितोपत्र बजारबाट निर्देशित रहने हुँदा यस वित्तीय संस्थाको शेयरको कारोवार दोस्रो बजारमा सकारात्मक रहेको छ । लगानीकर्ताहरुको यस संस्था प्रतिको विश्वास उच्च रहेको हुँदा वित्तीय संस्थाको व्यवशायिक अभिबृद्धि सँगै कारोवार मुल्य सकारात्मकता तर्फ उन्मुख भएको छ र भविष्यमा पनि हुने अपेक्षा गरिएको छ ।

(ख) नेपाल स्टक एक्सचेन्ज लि.को वेबसाईट अनुसार गत त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको शेयरको कारोवार विवरण निम्न अनुसार भएको देखिन्छ:

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार कूल दिन | कारोबार शेयर संख्या |
|---|---|---|---|---|
| १०६४ | ७३३ | ९०० | ५६ | १५४,३५७ |

**५. समस्या तथा चुनौती :**

(क) नियमनकारी निकायबाट अप्रत्याशित रुपमा जारी हुने नीतिगत परिर्वतन एवं निर्देशनबाट श्रृजना हुनसक्ने समस्या,

(ख) लघुवित्तको कारोवार गर्ने यस वित्तीय संस्थालाई पनि अन्य वाणिज्य बैंकहरु सरह आयकरको दायरामा राख्दा थप विपन्न परिवारलाई सोचे अनुरुप सेवा पुऱ्याउन सकिएको छैन ।

(ग) अप्रत्याशित रुपमा आई पर्ने प्राकृतिक दैवि विपत्तिबाट सृजना हुने परिस्थितीबाट हुन सक्नेचुनौती ।

(घ) लघुवित्त संस्थाहरु थपिने क्रम जारी रहेकाले यस क्षेत्रमा देखिएको कर्जाको दोहोपना, दक्षजन शक्तिको बहिर्गमन जस्ता चुनौतिहरु ।

(ङ) बाणिज्य बैंकहरुबाट उपलब्ध हुने विपन्न वर्ग कर्जाको ब्याजदरमा बृद्धि भएकोले सो को असरले गर्दा Cost of fund मा पनि बृद्धि हुन गएको ।

**६. संस्थागत सुशासन :**

संस्थागत सुशासन अभिबृद्धिका लागि बैंक सदैव प्रतिबद्ध रहेको छ । संस्थागत सुशासनमा विषेश ध्यान दिदैं बैंकले अन्य विषयहरुको अतिरिक्त देहाय बमोजिमका कदमको समेत अवलम्बन गरेको छ :

(क) यस वित्तीय संस्थाको संचालक समिति तथा व्यवस्थापन आफ्ना शेयरधनीहरु, सर्वसाधारण सदस्यहरु लगायत सम्पुर्ण सरोकारवालाहरुको हितको संरक्षण तथा सम्बर्द्धन गर्न वित्तीय संस्था सदैव प्रतिवद्ध रहेको छ । नेपाल राष्ट्र बैंक तथा विद्यमान ऐन कानून र अन्य नियमनकारी निकायहरुको निर्देशनको पालना गरी संस्थागत सुशासनको निरन्तर परिपालनाको लागि संचालक समितिले विभिन्न नीति, निर्देशिकाहरु तर्जुमा गर्ने र उक्त नीति निर्देशनलाई व्यवस्थापनले कार्यान्वयन गर्दै आईरहेको छ ।

(ख) संस्थागत सुशासन परिपालनाको लागि वित्तीय संस्थाको प्रवन्धपत्र नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा लगानीतथा असूली निर्देशिका, लेखा परिक्षण निर्देशिका, वचत तथा कोष परिचालन निर्देशिका, ग्राहक संरक्षण कार्यविधी एवं अन्य आवश्यक नीति नियम तथा निर्देशिकाहरु वनाई पालना गरिएको छ ।

(ग) वित्तीय संस्थाले आफ्नो कारोवारलाई चुस्त, दुरुस्त छिटो, छरितो एवं आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन संचालक समिति तथा व्यवस्थापन तहमा लेखापरीक्षण समिति, जोखिम ब्यवस्थापन समिति, कर्मचारी सेवा सुबिधा समिति, केन्द्रीय सहयोगी समिति, केन्द्रीय कर्जा असुली समिति, कर्जा अपलेखन उप समिति, सम्पत्ति दायित्व ब्यवस्थापन समिति लगायत विभिन्न समिति तथा उप समितिहरु गठन गरेको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् । लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाइएको छैन ।